**पोखरा विश्वविद्यालयको**
**छात्रवृत्तिसम्बन्धि सूचना**
(प्रकाशित मिति २०७४/१०/१८गते विहीबार)
**कान्तिपुर राष्ट्रिय दैनिक**

पोखरा विश्वविद्यालय अन्तर्गतका आङ्गिक(स्वीकृत भर्ना कोटाको२०%) तथा सम्बन्धन प्राप्त (स्वीकृत भर्ना कोटाको१०%) कलेज तथा शिक्षण संस्थाहरुमा देहाय बमोजिमका विषयहरुमा देहाय अनुसारको नि:शुल्क छात्रवृत्तिको लागि खुल्ला प्रतियोगिताबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका विद्यार्थीहरुबाट दरखास्त आव्हान गरिएको छ। प्राप्त हुने सिट संख्यामध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदायछात्रवृत्तिकोलागि सुरक्षित गरिएको छ। महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५०/५० प्रतिशत सिट आरक्षण गरिएको छ।

देहाय अनुसारको नि:शुल्क छात्रवृत्ति बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेका विद्यार्थीहरुलाई पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५(चौथो संशोधन सहित) बमोजिम तेस्रो चरणको Scholarship Awarded Listप्रकाशित गरी छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा कोटा वा सिट खाली रहेमा मात्र संस्थागत वा निजि विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका र पो.वि.छात्रवृत्तिको मेरिट लिष्टमा समावेश भएका विद्यार्थीहरुलाई मात्र बाँकी रिक्त कोटाहरुमा अध्ययनको लागि आवेदन माग गरिने छ। यसरी संस्थागत वा निजि विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरुका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुल्ला छात्रवृत्ति सरह उनीहरुको मेरिटलिष्टका आधारमा वितरण गरिने छ। साथै संस्थागत वा निजि विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरुका लागि निजले अध्ययन गरेकोविद्यालय संस्थागत विद्यालय हो भनि प्रमाणित गरेको कागजात पेशगर्नु नपर्ने। आवेदकहरुबाट दरखास्त दस्तुर पोखरा लेखनाथ महानगरपालिका-३० ढुङ्गेपाटनमा रहेको विज्ञान तथा प्रविधि संकायको नाममा रहेको कामना सेवा विकास बैंक लि.को खाता नं. ०१७००३०००२६६६७००००००३ र एन आइ सि एसिया बैंक को खाता नं. १६४१५००२६६५२४००१ मा जम्मा गरी भौचर लिइ दरखास्त फाराम बुझाउनु पर्नेछ।

**१. छात्रवृत्तिको प्रकार:-**

**क**) खुल्ला छात्रवृत्ति **ख**)स्थानिय छात्रवृत्ति **ग**) दलित छात्रवृत्ति **घ**) जनजाति छात्रवृत्ति **ङ**) दुर्गम छात्रवृत्ति**च**) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **छ**) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज**) मधेसी समुदाय छात्रवृत्ति।

**२. विज्ञान तथा प्रविधि संकाय अन्तर्गत छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम:**

(क) Master of Science in Structural Engineering
(ख) Master of Science in Transportation Engineering and Management
(ग) Master of Science in Interdisciplinary Water Resources Management
(घ) Master of Science in Natural Resources Management
(ङ) Master of Science in Computer Engineering
(च) Master of Science in Computer Science
(छ) Master of Science in Construction Management
(ज) Master of Science in Information System Engineering
(झ) Master of Science in Environmental Management

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता:**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ।

(ख) सार्वजनिक/ सामुदायिक/ नेपाल सरकारको अनुदान/संस्थागत/निजिमा संचालन भएको विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी पासगरेको हुनुपर्नेछ।

(ग) स्नातक वा सो सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तिर्ण भएको मितिले ३ बर्ष अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन।

(घ) स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरुको लागी स्नातक वा सो सरहको तहमा तल उल्लेखित अनुसार हुनु पर्नेछ।

**Master of Science in Structural Engineering:** Candidates with Bachelor’s Degree in Civil Engineering are eligible to join the program. The applicants must have along with the above requirements a minimum of 16 years formal education (12 years of schooling plus four years of undergraduate studies). The applicants must have secured a minimum CGPA of 2.0 or equivalent at the Bachelor’s degree level.

**Master of Science in Transportation Engineering and Management:** Candidates for M.Sc. (Transportation Engineering and Management) program should have a second division (or 2.0 GPA) in Civil, Engineering, from an institution recognized by Pokhara University.

**Master of Science in Interdisciplinary Water Resources Management:** "Bachelor's degree with at least second division having a minimum of 15 years of education in Science and Technology (Engineering, Basic Sciences, Applied and Natural Sciences) from a recognized university/institution."

**Master of Science in Natural Resources Management:** Graduates from relevant field of engineering, and natural and applied science are eligible to join the program. However, the applicant must have minimum of 15 years formal education (12 years of schooling plus three years of undergraduate). Furthermore, the applicant must have secured a minimum CGPA of 2.0 or 45 percent in undergraduate level.

**Master of Science in Computer Engineering:** Candidates having Bachelor level in engineering (BE) with 2.0/4 CGPA (in second division) or above from the universities recognized by the Pokhara University are considered as eligible for admission in M. Sc. CE program.

**Master of Science in Computer Science:** Candidates having bachelors degree in any branch in engineering, computer science and B. Sc. (Physics/Statistics/Math) with 2.0/4 CGPA (in second division) or above from the universities recognized by the Pokhara University are considered as eligible to apply for admission.

**Master of Science in Construction Management:** Graduates from relevant field of engineering are eligible to join the program. However, the applicant must have a minimum of 15 years formal education (12 years of schooling plus three years of undergraduate). Furthermore, the applicant must have secured a minimum CGPA of 2.0 or 45 percent in Bachelor's level. The following are the relevant field of engineering: Civil engineering, Electrical Engineering, Mechanical Engineering, Geotechnical Engineering, Hydropower Engineering and Architecture.

**Master of Science in Information System Engineering:** The candidate, pursuing the admission must have four years Bachelor's of Engineering degree in Computer/Software/Information Technology/ Electronics and Communication/ Electrical and Electronics or its equivalent from recognized institutions with a score of at least second division (or 2.0/4.0 CGPA).

**Master of Science in Environmental Management:** The candidate pursuing the admission must have bachelor degree in science, forestry, agriculture and engineering and other technical subjects or equivalent from recognized university to become eligible to enter into the M.Sc. in environmental management.

**छात्रवृत्तिको लागी आवेदन गर्दा जुन तहको लागि आवेदन गर्ने हो सो भन्दा अघिल्लो तहको अन्तिम वर्षको परीक्षाफल प्रकाशित नभएको वा भएतापनि ट्रान्स्क्रिप्ट / चारित्रिक प्रमाण पत्र वा अन्य कागजातहरु पेश गर्न नसक्ने अवस्था भएमा पनि अस्थायी ( प्रोभिजनल) रुपमा आवेदन दिन सकिनेछ ।तर पेश गर्न बाँकी कागजातहरु अनिवार्य रुपमा प्रवेश पत्र लिन आउँदा बुझाउनुपर्नेछ ।**

(ङ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको जिल्ला र गाउँ पालिकामा जन्मी सार्वजनिक/सामुदायिक/नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालयमा अध्ययन गरीएसइइ वा एसएलसी परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(च) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाटर जनजातिका लागि आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाटसिफारिस भए अनुसारको जातीहरु हुनुपर्ने छ ।

(छ) स्थानिय छात्रवृत्तिको लागी विश्वविद्यालयको आंगिक कार्यक्रम Master of Science in Structural मा आवेदन गर्ने उम्मेदवारहरु पोखरा लेखनाथ महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिक हुनुपर्नेछ ।

(ज) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४.उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

४.१सरकारी सामुदायिक विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रकोप्रमाणित प्रतिलिपि

(घ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
अथवा जुन तहको छात्रवृत्तिको लागी आवेदन गर्ने हो सो भन्दा अघिल्लो तहको अन्तिम वर्षको परीक्षाफल प्रकाशित नभएको वा भएतापनि ट्रान्स्क्रिप्ट / चारित्रिक प्रमाणपत्र वा अन्य कागजातहरु पेश गर्न नसक्ने अवस्था भएमा स्नातक तहको अन्तिम सेमेष्टरमा सम्मिलित भएको प्रवेशपत्र वा लब्धांक पत्र ।

(ङ) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(च)जनजातिले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाटआदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(छ) दलितले दलित राष्ट्रियआयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ज) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(झ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

४.२ संस्थागत वा निजि विद्यालयमा अध्ययन गरेका उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रकोप्रमाणित प्रतिलिपि

(घ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
अथवा जुन तहको छात्रवृत्तिको लागी आवेदन गर्ने हो सो भन्दा अघिल्लो तहको अन्तिम वर्षको परीक्षाफल प्रकाशित नभएको वा भएतापनि ट्रान्स्क्रिप्ट / चारित्रिक प्रमाणपत्र वा अन्य कागजातहरु पेश गर्न नसक्ने अवस्था भएमा स्नातक तहको अन्तिम सेमेष्टरमा सम्मिलित भएको प्रवेशपत्र वा लब्धांक पत्र ।

**५.माथि भनिएका कागजातहरुको अतिरिक्त देहायबमोजिमको सिफारिस पत्र सक्कलै पेश गर्नुपर्ने छः**

५.१ उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछः

(क) स्थानिय छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरूले पोखरा लेखनाथ महानगरपालिकाको स्थायी बासिन्दा भएको पोखरा लेखनाथ महानगरपालिका कार्यालयबाट वा सम्बन्धीत वडा कार्यालयबाट

(ख) एसइइ वा एसएलसी उत्तिर्ण गरेको विद्यालय सार्वजनिक/सामुदायिक/नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालय हो भनि सम्बन्धित गाउँ पालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका वा जिल्ला शिक्षा कार्यालयको सिफारिस पत्र

(ग) छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि उम्मेदवारविपन्न वर्ग (आर्थिक रुपबाट कमजोर भनि सिफारिस गरिएको) को हो भन्ने सम्बन्धित गाउँ पालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिको सिफारिस पत्र

(घ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको सम्बन्धित जि.वि.स. वा नगरपालिका वा गाउँ पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

(ङ) अपाङ्ग /घाइतेले चिकित्साशास्त्र वा इन्जिनियरीङ विषय अध्ययन गर्न दरखास्त दिने भएमा दर्ताबाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनि प्रमाणित गरेको सिफारिस पत्र ।

**६.दरखास्त फाराम पाउने र बुझाउने स्थान**: विज्ञान तथा प्रविधि संकाय, पोखरा विश्वविद्यालय, पोखरा लेखनाथ-३० खुदी, कास्कीबाट र काठमाडौं सम्पर्क कार्यालय, रातोपुल, गौशाला, काठमाडौंबाट।

नोट : दरखास्त फाराम www.pu.edu.np/eduबाट पनि Download गरि भर्न सकिनेछ ।

**७. दरखास्त दस्तुर**:छात्रवृत्ति कार्यक्रममा भागलिने सबै उम्मेदवारहरुले आवेदन शुल्क रु. १०००।-(अक्षेरुपी एक हजार मात्र) बुझाउनुपर्ने छ । साथै आवेदन दिने आवेदकहरुले छात्रवृत्ति सम्बन्धि नियम र सूचनाको राम्रो अध्ययन गरी आवेदन गर्नुपर्नेछ । छात्रवृत्ति दस्तुर सहित बुझाएको आवेदन कुनै पनि कारणले अस्वीकृत हुन गएमा रकम फिर्ता हुनेछैन ।

**८. फाराम वितरण** :२०७४/१०/१८ गते देखि

**९. (अ) दरखास्त दिने अन्तिम मिति** : २०७४/११/०३ गते (कार्यालय समयभित्र)

**१०. प्रवेश पत्र वितरण** :२०७४/११/०४ गते (कार्यालय समयभित्र)

**११.परीक्षा हुने मितिः**

(क) २०७४/११/०५ गते बिहान ८:०० बजे
Master of Science in Structural Engineering
Master of Science in Computer Engineering
Master of Science in Computer Science

Master of Science in Information System Engineering
Master of Science in Environmental Management

(ख)२०७४/११/०५ गते दिउँसो १:०० बजे

Master of Science in Construction Management
Master of Science in Natural Resources Management

(ग)२०७४/११/०६ गते दिउँसो ८:०० बजे

Master of Science in Transportation Engineering and Management
Master of Science in Interdisciplinary Water Resources Management

**१२.परीक्षाको किसिमः**लिखित (वस्तुगत)

**१३.लिखित परीक्षाको समय :** तीन घण्टा ।

**१४.परीक्षा केन्द्रः** स्कूल अफ इन्जिनियरिङ्ग, पोखरा लेखनाथ ३०, ढुङ्गेपाटन, कास्की ।

**१५. लिखित परिक्षा लिईने विषयहरुः विश्वविद्यालयले उपलब्ध गराउने पाठ्यक्रम अनुसार ।**

**पुनश्च- माथि दरखास्त फाराम सहित माग भए बमोजिमका सक्कल तथा प्रमाणित कागजातहरु पेश नगरिएको तथा पछि पेश गर्ने शर्त राखी पेश गरिएको दरखास्त फाराम दर्ताको लागि अस्विकृत हुनेछ ।**

सम्पर्कको लागि
विज्ञान तथा प्रविधि संकाय, पोखरा विश्वविद्यालय पोखरा लेखनाथ-३०, ढुङ्गेपाटन, कास्की ।
फोनः ०६१-५६१७४१ र ०१-४४८६९०५

**छात्रवृत्ति छनोट समिति, २०७४**
**विज्ञान तथा प्रविधि संकाय**
**पोखरा विश्वविद्यालय**
**पोखरा लेखनाथ-३०, कास्की ।**